JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Study Abroad, Immigration & Test Preparation Center
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २५ गते मंगलबार ❑ 9 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एमाले र माओवादी केन्द्र अलग अलग : 'सर्वोच्चको फैसला अनुचित'

**रासस**
**काठमाडौं, २४ फागुन**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दाहाल-नेपाल पक्षले नेकपाको एकीकरण बदर गरी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ब्यूँताउने सर्वोच्च अदालतको फैसला अनुचित भएको निष्कर्ष निकालेको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार अपराह्न बसेको सो पक्षका स्थायी कमिटी बैठकले सर्वोच्चको उक्त निर्णय अनुचित र राजनीतिक पूर्वाग्रहबाट प्रेरित रहेको निष्कर्ष निकालेको हो। सो पक्षले सर्वोच्चको फैसला रिट निवेदकको मागदाबीभन्दा बाहिर गएर राजनीतिक फैसलाका रूपमा लिएको बैठकपछि प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए। "पार्टीको नामका सम्बन्धमा परेको रिट निवेदन हुँदाहुँदै नामका बारेमा निष्कर्ष निकाल्नुपर्नेमा त्योभन्दा बाहिर गएर फैसला गरिएको छ। कुनै राजनीतिक पार्टीको एकता गर्ने/नगर्ने र राजनीतिक पार्टीलाई विभाजन गर्ने सर्वोच्चको फैसलाप्रति हाम्रो गम्भीर असहमति छ", उनले भने, "यो अस्वाभाविक, अनुपयुक्त र गलत छ, त्यसैले हामी यो फैसलाप्रति हाम्रो गम्भीर असहमति छ।"

यद्यपि, सर्वोच्च अदालतको फैसलाप्रति गम्भीर असहमति हुँदाहुँदै उक्त फैसलालाई कार्यान्वयन गर्ने निष्कर्ष निकालिएको उनले बताए। उक्त फैसलाको कानूनी उपचार खोज्ने निष्कर्ष पनि बैठकले निकालेको प्रवक्ता श्रेष्ठको भनाइ छ।

बैठकले नेपालका कम्युनिष्टलाई एउटै केन्द्रमा ल्याउने पहलकदमी र प्रक्रियालाई जारी राख्ने निर्णय गरेको उनले बताए। प्रवक्ता श्रेष्ठले नेकपाको हैसियतमा सोमबारको बैठक अन्तिम भएको बताए। "अब नेकपाको हैसियतमा यो अन्तिम बैठक हुनसक्छ, सर्वोच्च अदालतको फैसला कार्यान्वयनमा जाने नै भयो, दुईवटा पार्टीका बीचमा फेरि एकताको पहल भयो भने त्यही ढङ्गले हुनेछ।", उनले भने।

## ऋणमा डुबेकी एकल महिला बोलेरो गाडी हाक्दै आफ्नै उद्योगका सामान बिक्री गर्दै पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

इच्छा शक्ति भए सायद यो दुनियामा जे पनि सम्भव छ। इच्छा शक्तिसँगै आफ्नो निरन्तर प्रयास र धैयतालाई कायम गर्न सके ढिलो चाढो सफलता हासिल गर्न सकिन्छ। आज भन्दा करिब १० बर्ष अघि करिब ९ लाखको ऋण भार त्यस माथि श्रीमानले अर्को श्रीमती लियर हिडेको जो अबस्थामा हिम्मत र सहासले दुधे बालकलाई काखमा च्यापेर मजदुरी गर्न घरबाट निस्केकी महिला आज पोखरामा वा वा पाउन सफल भएकी छन्।



गोर्खा जिल्लाको गण्डकी गाउँपालिका ३ फुजेलकी ३० वर्षीया पम्फा ढकाल आज एकल महिलाको मात्र होइन समग्र महिलाहरुकै एक उदाहरणयि पात्र बन्न सफल भएकी छन्। कुनै समयमा गाडीको हेल्परको रुपमा काम थालेकी देवकोटा आफ्नो दृण इच्छा शक्ति र सत्यको बाटोमा हिड्दा आज वुलेरो गाडी हाक्ने र दीप आइसक्रिम उद्योगबाट उत्पादित दुध जन्य बस्तुहरु पोखराका पसल पसलमा पुराउन पाउदा निकै खुसि छन्। कुनै समयमा काली केटीको उपमा पाएकी देवकोटा हाल सहासिक महिला उद्यमीको रुपमा आफुलाई स्थापित गरेकी छन्।

प्लस टु अध्ययन गर्न पोखरा आएकी देवकोटा आफ्ना आफन्तकै झुट आश्वासनले बैवाहिक जीवनमा बाधिए पनि आफन्तको बढी विश्वासमा परेर विवाह हुँदा विगत ९ बर्षदेखि हाल एकल महिलाको रुपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएकी हुन्। कक्षा ११ मा अध्ययनकै क्रममा आफन्तबाट विवाहको प्रस्ताव आएसँगै झुटा आश्वासन दिदै विवाह गराएसँगै उनको पारिवारीक जीवन मुस्किलले ४ बर्ष चल्दा नचल्दै एक बर्षको बाबु काखमा छँदा श्रीमानबाट बिछोड भएकी देवकोटा हाल वावुको पालन पोषणको लागि ज्यालामजदुरी गर्दै हाल एक उद्योगको संचालक हुनुको साथै आफ्नो उद्योगमा उत्पादन भएका खाद्य बस्तु पोखरा क्षेत्रका पसल पसलमा वुलेर गाडी मार्फत पुराउदै आएकी छन्। ९ बर्ष अघि आफ्नो श्रीमानले एक कम्पनीसंग गरेको कारोवार विगारेर श्रीमान टाडिएसँगै उनले सम्हालेको ऋणको जिम्मा लियर दुधे बालक बोकेर मजदुरी गर्न घर बाहिर निस्केकी थिइन्।

विगत ९ बर्ष अघि करिब ९ लाखको ऋणको भार त्यस माति दुधे बालकको पालन पोषण गर्ने जिम्मा पुरा गर्न बजारमा हेल्परको रुपमा मजदुरी सुरु गर्दै अघि बढ्दा उनले विगत ३ बर्ष देखि आफ्नो छुट्टै उद्योग स्थापन गर्न सफल भईन्। जब उनी दुधे वालकलाई लिएर मजदुरी गर्न निस्कीन त्यस समय देखि उनकी ठुली आमाका छोरा रामचन्द्र अधिकारीले देवकोटालाई समाजमा केही गर्न प्रेरणा मात्र दिएनन जब उद्योग नै संचालन गर्ने भए पश्चात उत्त उद्योगमा लगानी समेत गरेर साथ दिदै आएका छन्। देवकोटा र अधिकारीको परिवार सहित हाल उत्त उद्योगले ६ जनालाई रोजगार दिदै आएको छ। सिजनको पेशा भएकोले गर्दा गर्मी मौसममा भने उनीहरुलाई भ्याई नभ्याई हुने गर्दछन। देवकोटाको १० बर्षको छोरा हाल कक्षा ४ मा अध्ययनरत छन भने उनका श्रीमानसंग सम्बन्ध विच्छेद भए पनि हाल कानूनि रुपमा भने कुनै सम्बन्ध विच्छेद भने भएको छैन्। श्रीमानले अर्को बिबाह गरे पनि आफ्नो छोराको भविश्यको लागि आफुले भने अर्को बिबाह नगर्ने सोचमा पुगेको उनी बताए छिन्। हरेक परिवार मिलनमा दुबैको उत्तिकै हात हुने बताएकी देवकोटाले श्रीमानले लिएर डिलरसिपमा केही व्यवहार विर्गेसंगै फोनबाटै घर आउदीन भनेर निस्केका उनका श्रीमान घरमा नआई बाहिर बाहिर हुर्दै अर्को विबाह गरेर हाल विदेशमा रोजगारको लागि पुगेका छन्। पछिल्लो समयमा महिलाहरुलाई केही गर्न चाहेमा वडादेखि पालिकासम्म महिलाहरुको सहभगिताले व्यवसायीक उत्थानको लागि केही न केही राहत तथा सहुलियत प्राप्त हुने उनको भनाई छ। आफु जस्ता धैरै महिलाहरुले घर परिवार र श्रीमानबाट दुःख पाएको कुरा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रपतिद्वारा सभ्य समाज निर्माणका लागि अग्रसर रहन समाजका सबै पक्षलाई आग्रह

**रासस**
**काठमाडौं, २४ फागुन**

राष्ट्रपति विद्यादेवी भण्डारीले सभ्य र लैङ्गिक समानतायुक्त समाज निर्माणका लागि विशेष पहलका साथ अग्रसर रहन समाजका सबै पक्षको ध्यानाकर्षण गराउनुभएको छ।

१११औँ अन्तरराष्ट्रिय महिला दिवसका अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा आज यहाँ आयोजित समारोहको उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले आर्थिक समानताबिना सामाजिक तथा सांस्कृतिक विभेदको अन्त्य हुन नसक्ने र त्यसका लागि संविधानले मार्गदर्शन गरेको न्याय र समानतामा आधारित समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "महिला अधिकार स्थापित गर्न, महिला हिंसा न्यूनीकरण गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा विभिन्न प्रयास भएका छन्, हाम्रो देशमा संवैधानिक तथा कानूनी प्रावधान, नीति तथा कार्यक्रमसमेत निर्माण भएका छन, यी प्रावधानको प्रभावकारी कार्यान्वयन हुँदै जाँदा महिला समानता कायम गर्न तथा विभेदको अन्त्य गर्न महत्वपूर्ण योगदान पुग्ने नै छ।"

राष्ट्रपति भण्डारीले त्यसका लागि राज्यका कार्यान्वयन गर्ने निकाय सकारात्मकरुपमा थप क्रियाशील बनाउनुपर्ने आवश्यकता महसुस भएको बताउनुभयो। लैङ्गिक समानताका लागि हालसम्मका प्रयासले महिलाको राजनीतिक तथा प्रशासनिक प्रतिनिधित्व उल्लेखनीयरुपमा बढिरहेको र शिक्षा, स्वास्थ्य, सम्पत्तिमाथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएको उहाँको भनाइ छ।

मुलुकले हासिल गरेका हालसम्मका उपलब्धिलाई रक्षा गर्दै लैङ्गिक उत्तरदायी हिसाबले शासन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गरी अगाडि बढेमा 'समृद्ध नेपाल, सुखी नेपाली'को साझा राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सकिने कुरामा आफू विश्वास्त रहेको उहाँले बताउनुभयो।

राष्ट्रपति भण्डारीले सरकारले लैङ्गिक विभेदको अवस्थालाई अन्त्य गर्ने उद्देश्यका साथ राष्ट्रिय लैङ्गिक समानता नीति-२०७७ सार्वजनिक गरेकामा खुशी व्यक्त गर्दै सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो। सरकार र संसद्मा प्रतिनिधित्व गर्ने दल र समाजको माथिल्लो तप्का लैङ्गिकमैत्री भएपनि त्यससम्बन्धी अङ्गीकार गरिएका नीति कार्यान्वयन गर्नमा समस्या र अवरोध देखिएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा मुआथाइको राष्ट्रिय प्रतियोगिता र सेमिनार हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

आगामी चैत अन्तिम साता पोखरामा पहिलो पटक मुआथाइ राष्ट्रिय च्याम्पियनसीप र अन्तरराष्ट्रिय सेमिनार हुने भएको छ।

नेपाल मुआथाइ सङ्घ गण्डकी प्रदेश र कास्की शाखाको आयोजनामा आगामी चैत २४ देखि ३१ गतेसम्म पोखरा रङ्गशालामा प्रतियोगिता सञ्चालन हुने सङ्घले सोमबार यहाँ आयोजित पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। मुआथाइ खेलका माध्यमबाट युवालाई खेलकूदतर्फ आकर्षित गर्ने तथा क्षमतावान् खेलाडी उत्पादनको लक्ष्यसहित प्रतियोगिता र सेमिनार आयोजना गरिने नेपाल मुआथाइ सङ्घका केन्द्रीय महासचिव सुदीप पण्डितले जानकारी दिए।

सेमिनारमा अन्तरराष्ट्रिय मुआथाइ महासङ्घका प्रतिनिधि एवं प्रशिक्षकबाट नेपालका मुआथाइ खेलाडी तथा अफिसियललाई प्रशिक्षण एवं रेफ्री कोर्षबारे प्रशिक्षण दिने छन्। प्रशिक्षणका लागि थाईल्याण्डबाट मुआथाइका अन्तरराष्ट्रिय निर्णायक आउने जनाइएको छ। चैत २४ देखि २८ गतेसम्म सेमिनार तथा चैत २९ देखि ३१ गतेसम्म अन्तरराष्ट्रिय मुआथाइ महासङ्घको नियममा रहेर प्रतियोगिता सञ्चालन हुने बताइन्छ। राष्ट्रिय मुआथाई च्याम्पियनसीपमा देशका सातै प्रदेशका २१ जिल्लाबाट प्रशिक्षक, निर्णायक र खेलाडी गरी ४०० जनाको सहभागिता रहने छ। प्रतियोगितामा खेलाडीले ४५ केजीदेखि ९१ केजी तौलसम्म विभिन्न सात वटा तौल समूहमा प्रतिस्पर्धा गर्ने नेपाल सङ्घका केन्द्रीय उपाध्यक्ष एवं मुख्य प्रशिक्षक दीपकबहादुर गोदारले जानकारी दिए।

राष्ट्रिय खेलकूद परिषद्का सदस्यसमेत रहनुभएका सङ्घका कोषाध्यक्ष सम्पन्न श्रेष्ठले अन्तर ाष्ट्रिय सेमिनारका माध्यामबाट नेपालका लागि मुआथाइको अन्तरराष्ट्रिय मान्यता प्राप्त उत्कृष्ट प्रशिक्षक तथा निर्णायक उत्पादनमा सघाउ पुग्ने बताए।

## घर भित्रैबाट महिला हिंसा अन्त्य गर्नुपर्ने वक्ताको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

घर घरबाटै महिला हिंसाको अन्त्य हुनु पर्ने सोमबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन्।




अन्तराष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) को सन्दर्भमा सोमबार पोखरामा आयोजित कानुनी सचेतना तथा अन्तरक्रिया कार्यक्रममा वोल्ने वक्ताहरुले अझै पनि घर घरमा महिला हिंसा हुने गरेको उल्लेख गर्दै महिला हिंसा अन्त्यको लागि घरबाटै अन्त्य हुनु पर्नेमा जोड दिएका हुन्।

अखिल नेपाल महिला संघ कास्कीले आयोजना गरेको कार्यक्रममा वक्ताहरुले कानुन र ऐनमा महिला सहभागिता गराउने कुरा उल्लेख भए पनि अझै महिला सहभागिता निकै कम हुने गरेको दाबी गरेका हुन्। अनेमा संघका केन्द्रिय संयोजक अमृता थापा मगरले महिला दिवसले एकता, सघर्ष र विजयीको रुपमा मनाउनु पर्ने बताइन्। महिलाहरु अब बैचारिक, राजनीतिक, आर्थिक क्षेत्रमा सक्षम हुदै आत्मनिर्भर हुनु पर्ने उनको जोड थियो। आइतबार भएको सर्वोच्चको निर्णयले नेपाली राजनीतिलाई थप अन्यौलतामा लगेको संयोजक मगरको गुनासो थियो। नेकपा कास्कीका इन्चार्ज राजकाजी गुरुङ करणले प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली समाजलाई समाजबादमा लैजाने सपना माथि ठुलो कुठराघात गरेको आरोप लगाए। अझै पनि राजनीतिक पार्टीहरुमा महिला सहभागिता निकै भएकोले पार्टीमा महिला भर्ति गर्नु पर्ने उनले बताए। प्रधानमन्त्री ओलीको अहम र व्यत्तिवादी सोचले गर्दा नेकपामा समस्या भएको उल्लेख गर्दै करणले अब एमाले र माओबादी नजन्मने जनाए। नेकपाकी केन्द्रिय सदस्य सिता गिरी ओलीले संविधान र ऐन तथा कानुनमा महिला सहभागिता र महिला अधिकारका कुरा उल्लेख भए पनि व्यवहारमा लागु गर्न अझै नसकिएको बताइन्।

नेकपाका नेता श्रीनाथ बरालले महिलाहरुको हकअधिकार थप सुरक्षित गर्न अझै कानुन र ऐन आवश्यक भएको बताए। अनेमा संघ कास्कीका अध्यक्ष कल्पना पाण्डेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेकपा नेतृ एवं गण्डकी प्रदेशका सांसद गायत्री गुरुङ, महिला नेतृ तेज कुमारी पौडेल, गजकुमारी गुरुङ, युवा नेता विनय थापा लगायतले वोलेको निर्मला न्यौपानेले बताइन्।



# रुपामा नेलम्बोद्वारा एक हप्ते शिविर सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

नेलम्बो नेपालको आयोजनामा आइतवारदेखि रुपा गाउँपालिकामा एक हप्ते मुख स्वास्थ्य साथै दन्त शिविर सुरु भएको छ।




शिविरको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष नवराज ओझाले 'रुपाको पहिचान सबै क्षेत्रमा समृद्धिको अभियान' नाराका साथ गाउँपालिका अगाडि बढिरहेको चर्चा गरे।उनले आयोजक संस्था नेलम्बो नेपाल प्रति आभार प्रकट गर्दै वडा र विद्यालय तहसम्म पनि कार्यक्रम लैजान सुझाव दिए। आफ्नो गाउँपालिकाबाट कार्यक्रम सुरुवात गरेकोमा उनले खुसी समेत जनाए । अध्यक्ष ओझाले मुखको सरसफाईमा ध्यान नदिए क्यान्सर समेत हुनसक्ने तर्फ सचेत गराए। गाउँपालिकाले स्वास्थ्यलाई महत्व दिई सबै वडामा चौकी स्थापना गरेको उनको भनाई छ । गाउँपालिका उपाध्यक्ष लालसुब्वा गुरुङले शिविरबाट विपन्न समूदायले फाइदा लिनुपर्ने तर्क गरिन् । दाँतको उपचार महङ्गो पनि छः त्यसैले यो कतिपय विपन्न समुदायको पहुँचमा पनि छैन उनले भनिन् । शरीरका अङक मध्ये मुख तथा दाँत पनि महत्वपूर्ण अङ्ग भएको उनको ठम्याई छ।

नेलम्बोमा अध्यक्ष एकदेव देवकोटाले सक्रिय सहभागिता हुने ठाँउमा संस्थाले सहयोग गर्दै आएको स्पष्ट पारे। कोभिड प्रभावको उच्च समयमा गाउँपालिकासँग सहकार्य गरेको स्मरण गर्दै अध्यक्ष देवकोटाले सो समयमा गाउँपालिकाको सक्रियता महत्वपूर्ण रहेको औँल्याए ।शिविरबाट धैरैभन्दा धैरै रुपावासीले सेवा लिनुपर्ने भन्दै अध्यक्ष देवकोटाले कार्यक्रमलाई आफ्नै ठानेर सहभागिता जनाइदिन आग्रह पनि गरे। कार्यक्रममा वडा नं. ६ का अध्यक्ष नारायण गुरुङ, नेलम्बोका जनसम्पर्क अधिकृत भीमप्रसाद भण्डारी लगायतले पनि धारणा राखेका थिए । उनीहरुले स्वास्थ्य प्रति आम नागरिक संवेदनशील बन्नुपर्ने औँल्याए । शिविरको पहिलो दिन आइतवार कुल ४२ जनाले नाम दर्ता गराएकोमा २२ जनाको उपचार सम्पन्न भएको छ।

शिविरमा डा. रोसन केसीको नेतृत्वमा डेन्टल हाइजेनिष्ट स्नेहा खड्का, क्लिनर विजय थापामगर सहित ६ जनाको टोली स्वास्थ्य परीक्षणका लागि खटिएको छ।

# बगर भाइखलक एट-ए-साइड भेट्रान फुटबल शुरु, पोखरा भेट्रान्सको विजयी शुरुवात

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

पोखराको प्रतिष्ठित संस्था बगर भाइ खलकको आयोजनामा "चौथो स्वर्गिय रञ्जित गुरुङ स्मृती तथा १० औं बगर भाई खलक भेट्रान्स एट ए साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता" सोमवारबाट शुरु भएको छ ।



"स्वास्थका लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागी नौलो आयाम" भन्ने मूल नाराका साथ पोखराको ऐतिहासिक तथा सांस्कृतिक महत्व राख्ने टुँडी खेल मैदानमा भएको उद्घाटन खेलमा पोखरा भेट्रान्सले विजयी शुरुवात गरेको छ । ४० देखि ६५ वर्ष उमेर समुहको उक्त प्रतियोगितको उद्घाटन खेलमा स्थानिय इन्द्रेणी एकिकृत विकास केन्द्रसँगको खेलमा पोखरा भेट्रान्स २-१ गोल अन्तरले विजयी भएको हो।

खेलको पहिलो हाफ पोखरा भेट्रान्स शंकर केसीको गोलको मद्धतले १-० ले अग्रता लिएर अगाडी बढेको पोखरा भेट्रान्सले खेलको दोश्रो हाफमा भोजेन्द्र तामाङले टिमका लागि थय एक गोल गर्दै २-० को अग्रता लिएको थियो । यता बलियो मानिएको इन्देणीका लागि योगेन्द्र थकालीले १ गोल फर्काए। उद्घाटन खेलमा पोखरा भेट्रान्सका दिपेन्द्र तामाङ म्यान अफ दि म्याच घोषित भएका थिए । यसै गरी सोमबार सम्पन्न दोस्रो खेलमा आयोजक पोखरा बगर भाई खलक 'ए' ले श्रृङ्खला क्लव भलामलाई ४-० गोल अन्तरले पराजित गरेको छ । आयोजकको जितमा खेलमा म्यान अफ दि म्याच समेत रहेका मनोज गुरुङले २ गोल गरे भने गंगा तामाङ र राजकुमार तामाङले समान १-१ गोल गरेका थिए। यस्तै सम्पन्न तेश्रो खेलमा लेकसाईड भेट्रान्स र विष्णु पादुका भेट्रान्स विचको खेलमा विष्णु पादुका हेम्जा १-० गोलले विजयी भएको छ । पहिलो हाफ गोल रहित बरावरीमा सकिएको खेलको दोश्रो हाफमा भने विष्णु पादुकाका लागि राजेन्द्र थापाले १ गोल गर्दै टिमलाई दोश्रो चरणमा पुर्याएका छन । उक्त खेलमा विष्णु पादुकाका गोल रक्षक भरत बहादुर थापा म्यान अफ दि म्याच भए । यस अघि प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका सांसद मोहन रेग्मीले पोखराको टुँडी खेल मैदानको विकासका लागि गण्डकी प्रदेश सरकारले सहयोग गर्ने बताए। उनले भने "पोखराको ऐतिहासिक तथा सांस्कृतिक महत्व राख्ने टुँडी खेल मैदानको संरक्षण र विकासका लागि प्रदेश, स्थानिय र संघिय सरकारको सहयोगमा मैदानलाई प्रदेशको नै फुटबलको प्रशिक्षण केन्द्रको रुपमा अगाडी बढाउन मेरो पूर्ण सहयोग रहनेछ ।" उनले पोखरामा भएको प्रधानमन्त्री केपी शर्मा ओलीले खेलकूदमा नयाँ उर्जा छाएको बताउँदै अव खेलकूदको विकास तिव्र रुपमा अघि बढ्ने बताए। सो अवसरमा सांसद रेग्मीले पोखराका पूर्व राष्ट्रिय खेलाडी खेम बहादुर गुरुङलाई सम्मान गरेका थिए। २०२७ सालबाट खेल जिवन शुरु गरेका गुरुङलाई खेलकूदमा दिएको योगदानको कदर स्वरुप संस्थाले सम्मान गरेको हो। भूतपूर्व खेलाडी मञ्च नेपालका महासचिब समेत रहेका गुरुङ विभिन्न सामाजिक संस्था र खेलकूदमा कृयाशिल रहेका छन । संस्थाका अध्यक्ष दिल बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमा राष्ट्रिय खेलकूद परिषदका सदस्य राजेश गुरुङ, संस्थाका महासचिब खेम गुरुङ लगाएतले आ-आफ्ना धारणा राखेका थिए।

उक्त प्रतियोगिताका लागि अखिल नेपाल फुटबल संघका उपाध्यक्ष कृष्ण थापाले एन्फाका तर्फ विभिन्न खेल सामाग्री उपलब्ध गराएका छन भने मदन केसीले प्रतियोगिताका लागि १० थान बल संस्थाका अध्यक्ष दिल बहादुर गुरुङलाई हस्तान्तरण गरेका छन।

फागुन २९ गते सम्म सञ्चालन हुने प्रतियोगितामा काठमाडौ, विरगंज, बुटवल, वालिङ र पोखराका र.गरी २८ टिमको सहभागिता रहेको छ। प्रतियोगिता अन्तर्गत मंगलबार ९ वटा खेलहरु सञ्चालन हुने प्राविधिक संयोजक खगेन्द्र गुरुङले जानकारी दिएका छन।

प्रतियोगीतामा उपाधि विजेताले रनिङ शिल्ड सहित नगद १ लाख ११ हजार १ सय ११ लाख द्वितियले नगद रु. ५५ हजार पांच सय पचपन्न ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै उत्कृष्ट गोल किप्पर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई ट्रफी सहित जनही नगद ५ हजार प्रत्येक खेलाडिलाई प्रदान गरिने छ भने सर्वोत्कृष्ट खेलाडीलाई ट्रफी सहित नगद दश हजार प्रदान गरिने छ।

# विश्व नारी दिवसको अवसरमा कन्या क्याम्पसमा सचेतना कार्यक्रम

**विनय पौडेल**
**पोखरा, २४ फागुन**

१११ औं विश्वनारी दिवसको अवसरमा कन्या क्याम्पसका छात्राहरुलाई सचेतना कार्यक्रम सम्पन्न भएको छ।




जिल्ला प्रहरी कार्यालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको सहयोगमा छात्राहरुका लागि यौन जन्य हिंसा तथा जबरजस्ती करणी सम्बन्धि जानकारी तथा आत्मरक्षामूलक सचेतना कार्यक्रम आयोजना गरिएको थियो । क्याम्पस प्रमुख सुरेस कुमार मानन्धरको अध्यक्षतामा भएको उक्त कार्यक्रममा बर्तमान समयमा नारीप्रति बढ्दै गएको हिंसाको सचेतना गराउन उक्त कार्यक्रमको आयोजना गरिएको बताए । कार्यक्रमका श्रोत व्यक्ति तथा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक चोनु गुरुङ्गले महिला हिंसाको बारेमा जानकारी दिनुका साथै कानुनी प्रावधानहरुका बारेमा समेत प्रस्तुती गरेका थिए।

छात्राहरुले प्रहरी प्रशासनका बारेमा राखेका जिज्ञासाहरुलाई समेत स्पष्ट पार्दै हिंसा हुनु अगाडि अपनाउनु पर्ने सतर्कताका बारेमा जानकारी गराएका थिए । सोही अवसरमा जिल्ला प्रहरी कार्यालयका प्रहरी जवानहरुबाट आत्म रक्षाका सम्बन्धमा अभिनय गर्नुका साथै छात्राहरुले अभ्यास गरेका थिए।

कार्यक्रममा सहायक क्याम्पस प्रमुख चित्रबहादुर श्रेष्ठ, सहायक प्राध्यापकप्रति पाण्डे, दिननाथ अधिकारी लगायतले आफ्नो बिचार व्यक्त गरेका थिए भने उक्त कार्यक्रमलाई प्र.ना.नि. होतबहादुर रोकाले सञ्चालन गरेका थिए।

# राष्ट्रपतिद्वारा ...

महिलालाई असमानताको दृष्टिबाट हेर्न नहुने बताउँदै उहाँले त्यसलाई परिवर्तन गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै समाजको चेतना नै परिवर्तन गर्ने गरी सङ्घर्ष गर्नुपर्नेमा जोड दिनुभयो।

भएका ऐन/कानूनको प्रभावकारी कार्यान्वयन नभएका कारण छोरा र छोरीमा हुने विभेद कायमै रहेको राष्ट्रपति भण्डारीको भनाइ थियो। उहाँले भन्नुभयो, "परिवार र समाजमा छोरा र छोरी दुवै सन्तान समान हुन भन्ने दृष्टिकोणलाई आत्मसाथ गर्दै अघि बढेको अवस्थामा नै वास्तविक महिला समानता कायम हुने छ भन्ने लाग्दछ ।" महिला अधिकार तथा लैङ्गिक समानताका लागि पूर्णप्राप्तिका लागि हरेक वर्ष ८ मार्चलाई अन्तरराष्ट्रिय महिला दिवसका रुपमा मनाउने गरिएको छ।

# सुपर जनरल इन्टर क्लव टी-ट्वान्टी क्रिकेटको उपाधिका लागि जनकपुर र चितवन भिड्ने

**सुदिप शर्मा पौडेल**
**पोखरा, २४ फागुन**

के.एन. स्पोर्टस प्रालिको आयोजना तथा सुपर जनरल कम्पनीको मुख्य प्रायोजनमा पोखरा रंगशालामा जारी अन्तर क्लव टी-२० क्रिकेट लिगको उपाधीका लागि जनकपुर क्रिकेट क्लव र चितवन क्रिकेट क्लव भिड्ने भएका छन्।




सोमबार भएको सेमिफाइनलमा जनकपुरले आयोजक सुपर जनरल पोखरालाई १० विकेटले तथा चितवनले पेलिगेण्ट्स क्रिकेट क्लवलाई १३ रनले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित बनाएका हुन् । पहिलो सेमिफाइनलमा चितवनले दिएको १ सय २० रनको लक्ष्य पछ्याएको पेलिगेण्ट्स १ सय ६ रनमै समेटिएको थियो । चितवनको पारीमा साकार ढकालले ६ छक्का र ४ चौकाको मद्धतमा ४७ बलमा ५३ रनको महत्वपूर्ण योगफल तयार पारको थिए । त्यस्तै सपनिल अधिकारीले २७ रन जोडेका थिए। पेलिगेण्ट्सका बलरहरु चन्द्रकान्त पौडेलले ३ तथा विशाल पौडेलेले २ विकेट लिए। पेलिगेण्ट्सका समिर कँडेल र कमल थापाले समान १३ रन बनाए। अन्य व्याट्स्म्यानले राम्रो प्रदर्शन गर्न सकेनन्। पेलिगेण्ट्सका बलरहरु म्यान अफ द म्याच चन्द्र उमेश ठाकुरले ३ तथा संघर्ष पौडेलले पनि ३ विकेट लिए । अर्का बलर आशिष लम्सालले २ विकेट लिए। अर्को सेमिफाइनलमा पहिला व्याटिङ गरेको पोखराले पुरा २० ओभरमा ७ विकेट गुमाएर ९४ रनको सामान्य स्कोर खडा गरेको थियो । पोखराका प्रविण ढकालले ३३ तथा विधान श्रेष्ठले १४ रन जोडे। प्रत्युरमा जनकपुरले कुनैपनि विकेट नगुमाई विजयी लक्ष्य पार गरेका थियो।

जनकपुरका सुधिर चौधरीले ३ छक्का र ४ चौका प्रहार गर्दै अभिजित ४४ रन बनाए भने अक्बर अलिले अभिजित ३६ रन जोडेका थिए। बलिङतर्फ ४ विकेट लिएका जनकपुरका राहुल प्रताप सिंह म्यान अफ द म्याच भएका थिए।

# ऋणमा डुबेकी ...

सुनाउने गरेको बताएकी देवकोटाले पहिला जागिरेको रुपमा काम गर्दा काली केटी भनेर सम्बोधन गर्नेहरु हिजोआज आफ्नै गाडीमा आफ्नै उद्योगका सामानहरु लियर जादा साहुजि भन्ने उपमा दिने गरेको सुनाइन्। हाल उनीसंगै उनका दाजुको लगानीमा संचालनमा आएको उद्योग पोखराको बुढीबजारमा रहेको छ। जागिरे जिवन र आफ्नो व्यवसाय गर्दा धेरै फरक हुने बताएकी ढकालले दुध र दुधजन्य बस्तुहरु अति नै सम्बेदनशिल हुने हुदा गाडी चालक विना उत्त कुराको असमर्थ भएकोले त्यसको लागि आफु नै चालकको भूमिकामा समेत उर्त्तिएको सुनाइन् । उनको उद्योगमा दुध र दुध जन्य बस्तु जस्तै चोकोवार, कुल्फी, हाइसक्रिम, पनिर लगायतका बस्तु बिक्रि हुने गरेको छ। उद्योगमा दैनिक जसो करिब एक सय लिटर दुध खपत हुने गरेको देवकोटा बताउछिन् । उनको बजार क्षेत्र विस्तारकै क्रममा रहेको छ हाल पोखरा तनहुँ, स्याङ्जा लगायत बागलुङसम्म विस्तार भएको छ। वुलेरो गाडीमा आइसक्रिम र दुधजन्य बस्तु लिएर जादा अनि आम उपभोत्ताले दिप आइसक्रिम मिठो मानेर खाने गरेको देख्दा र सुन्दा आफुलाई निकै हर्स लागेको उनी बताउछिन्।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# नेकपा दर्ता बदरले एकता भङ्ग

सर्वोच्च अदालतको नेपालका दुई कम्युनिस्ट पार्टीको एकता भङ्ग गरिदिएको छ । निर्वाचन आयोगमा पहिले नै दर्ता भएको नेपाल कम्युनिस्ट पार्टीकै नाममा अर्को दल दर्ता गर्ने कार्य कानुनविपरीत ठहर गरी सर्वोच्च अदालतले आइतवार निर्वाचन आयोगको निर्णय बदर गरिदिएको छ । सर्वोच्च अदालतको परमादेशमा एमाले र माओवादी केन्द्र नामका दलहरूले राखेको नाम नै बदर भएपछि एकीकरण गरिनुपूर्वकै स्थिति कायम भएको पनि उल्लेख छ। एमाले र माओवादी केन्द्र एकता गरी नयाँ दल दर्ता गर्न आएमा कानुनबमोजिम गर्न पनि निर्वाचन आयोगलाई इजलासले आदेश दिएको छ । करिब तीन वर्ष अघि एकता भएको नेकपाको दर्ता बदर भएपछि नेकपा एमाले र माओवादी केन्द्र ब्युउँताउने अवस्था बनेको छ।

प्रतिनिधि सभा विघटन वदर गर्दा अदालतले न्याय दिएको र सत्यक जित भएको भन्दै विजय जुलुस निकाल्नेहरु १३ दिन पछि सर्वोच्चको फ फैसला राजनीतिक भएको भन्दै असन्तुष्ट छन । सर्वोच्च अदालतको परमादेशप्रति आक्रोशित देखिएका छन । आफूलाई सुविधा हुने गरी आदेश दिएन भने अदालतविरुद्ध नै जाइलाग्ने प्रवृत्ति सर्वसत्तावादी हो । अदालतले रिट निवेदकले मागेको भन्दा बाहिर गएर फैसला गरेको आरोप लगाउनु निर्वाचन आयोगले गरेको गल्ती नदेख्नु हो । प्रधानमन्त्री भएकाले जे गरेपनि हुन्छ भन्ने बलमिच्याँई हो । सत्ता र शक्तिको आडमा निर्वाचन आयोगका तत्कालीन पदाधिकारीले कानुन नमिचेका भए अहिलेको स्थिति नै उत्पन्न हुने थिएन । आयोगका पदाधिकारीको सत्ताको तावेदारी र कानुनमा नभएको काम गर्नेले एकता भाँड्ने काममा सहयोग गरेका छन ।

अदालतको निर्णयलाई लिएर नकारात्मक टिप्पणी गर्नुअघि नालायक पदाधिकारी छनौट गर्ने आफ्नै नेताहरूलाई सोध्ने हिम्मत गर्नुपर्छ । नेपाल कम्युनिस्ट पार्टीका नाममा गरिएको एकताको आधार नै अवैध ठहर भएपछि दुवै पार्टी एकता पूर्वको अवस्थामा फर्केको भन्नु प्राकृतिक न्यायअनुरूप नै हो । केहीले निर्णय गर्दा परिणामको हेक्का राखिएन भनेर आलोचना गरेको देखियो । न्यायाधीशले परिणाम हेरेर फैसला गरून् भन्ने अपेक्षा नै विधिको शासन विरुद्ध तथा मनोगत हुन्छ । अदालतको प्रचलित कानुन र प्राकृतिक न्यायको सिद्धान्त अनुरूप न्याय गर्ने हो । नेकपाको नामसम्बन्धी निर्णयमा त्यसको पालन भएको देखिन्छ । आफ्नो निर्णयको परिणामको ख्याल राख्नुपर्ने त राजनीतिक नेताहरूले हो ।

पछिल्ला घटनाक्रम हेर्दा न्यायिक दृष्टिबाट अवैध ठहर गरिएको कम्युनिस्ट एकता राजनीतिक दृष्टिबाट पनि चुनावका मुखमा जनतालाई झुक्याउने चालबाजीमात्र रहेछ भन्ने देखिएको छ। जनताप्रति जिम्मेवार हुन्थे भने भागबन्डाको किचलो झिकेर सत्तारुढ दलका नेताले भाँडभैलो गर्ने नै थिएनन् । सर्वोच्च अदालतको संयुक्त इजलासले पहिले अस्तित्वमा रहेका दुवै पार्टीलाई अवसर दिएको छ। जनतासँग गरेको वाचा सत्य थियो भने कानुनबमोजिम फेरि एकता गर्न अदालतको फैसलाले छेकेको त छैन । एमाले र माओवादी केन्द्रका नेताहरू सर्वोच्च अदालतको परमादेशमा होइन आफ्नो नियतमा रहेको खोट पहिल्याएर सच्याउनु बुद्धिमानी हुनेछ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मन चञ्चल |
| वृष | : शारिरीक झमेला | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : आर्थिक समस्या | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङ-पर्वत: २० झोलुङ्गे पुलले जोडिएको बहुआयामिक सम्बन्ध

–खेमराज गौतम
बागलुङ, २४ फागुन

बागलुङ झोलुङ्गे पुलको जिल्ला भनेर स्थापित छ तर, यस्तो परिचय पछिल्लो समय छिमेकी जिल्ला पर्वतले पनि बनाइरहेको छ । पर्वतले पुलको नयाँ परिचयमात्रै होइन, पुलकै सहारामा जिल्लाको पर्यटन, व्यावसाय र समृद्धिको अभियानमा पनि उल्लेख्य उभार ल्याएको छ।

यी दुई जिल्लालाई दर्जनौं झोलुङ्गे पुलले जोडेको छ। बागलुङ र पर्वत जिल्लाको सिमाना छुट्याउने ठूलो कालीगण्डकी नदी छ । दुई जिल्लाको बीचबाट बगेको पवित्र कालीगण्डकी नदीका कारण दुई जिल्लाको सम्बन्ध भौतिक र भौगोलिकरुपमा टाढा छ । यी दुबै जिल्लालाई जोड्ने हालसम्म एकमात्रै मोटरेबल पुल मालढुङ्गामा छ । त्योबाहेक बागलुङ र पर्वत जिल्लाको सम्बन्ध जोड्न घण्टौं यात्रा गर्नुपर्ने बाध्यता छ। यी बाध्यतालाई हटाउन र दुबै जिल्लाबीच अटुट सम्बन्ध स्थापना गर्न झोलुङ्गे पुलले महत्वपूर्ण भूमिका खेलेको छ । पुलले यात्राको दूरी मात्रै छोट्याएको छैन । दुई जिल्लाका नागरिकबीच निकट सम्बन्ध स्थापित पनि गरेको छ। पछिल्लो ५० वर्षयता बागलुङ र पर्वतको सम्बन्ध कालीगण्डकी नदीको तीव्र बहावका बाबजुत २० झोलुङ्गे पुलले यात्रा र सम्बन्धमा सहजता थपेको छ। अझै नयाँ पुल थपिने क्रमसमेत जारी छ।

दुई जिल्लाको सम्बन्ध जोड्न बागलुङ नगरपालिका-४ फोम्रे-पर्वतको जलजला गाउँपालिका जोड्ने झोलुङ्गे पुलदेखि बागलुङ जिल्लाको जैमिनी नगरपालिकाको बेलबगर-श्रीकाङ झोलुङ्गे पुलसम्म २० झोलुङ्गे पुल छन्। कालीगण्डकी माथि बागलुङ र पर्वत जोड्न बागलुङ नगरपालिका-४ फोम्रे र पर्वत जिल्लाको जलजला गाउँपालिका जोड्ने पुल, खनियाघाट झोलुङ्गे पुल, बाङ्गेचौर अदुवाबारी जोड्ने ५६७ मिटर लामो झोलुङ्गे पुल, नयाँ पुलस्थित झोलुङ्गे पुल, बागलुङ-वलेवा बन्जी पुल, कुस्मा पर्वत यन्त्रिक पुल, गोपाङघाटको पुरानो झोलुङ्गे पुल, कल्लेरी घाटको पुरानो झोलुङ्गे पुल, बलेवाको कैया-कुस्मा जोड्ने ३४७ मिटर लामो झोलुङ्गे पुल, मोदोवेणी नागबौर झोलुङ्गेपुल, कैया-मुडिकुवा ३०० मिटर लामो झोलुङ्गे पुल, सरङ्गी मुडिकुवा झोलुङ्गे पुल, टाकुरी फलेवास झोलुङ्गे पुल, जैमिनी घाट फलेवास झोलुङ्गे पुल, ठेउलेखोला फलेवास जैमिनी झोलुङ्गे पुल, विनामारे मिरिङ्गी फलेवास झोलुङ्गे पुल, मिरिङ्गे सानो झोलुङ्गे पुल, सुम्सा फलेवास झोलुङ्गे पुल, वेलवगर-कर्नास झोलुङ्गे पुल र छिस्ती-दुर्लाङ झोलुङ्गे छन् । पर्वत र बागलुङ जोड्ने गरी यसरी निर्माण गरिएको पुलले दुई जिल्लाको सम्बन्ध, आयात निर्यात, रोजीर ोटीलगायतका विषयमा सहज बनेको स्थानीय बताउँछन् । पर्वत जिल्लाको सदरमुकाम कुस्मामा रोजगारी गर्दा त्यही बाँस बस्नुपर्ने समस्या रहेको बागलुङ जिल्लाको दक्षिण क्षेत्र बलेवा, जैमिनीका नागरिक अहिले झोलुङ्गे पुलकै कारण एक घण्टामा नै घरमै पुग्न गरेका छन् ।

सात वर्षअघि बागलुङ जिल्लाको बलेवादेखि कुस्मा नगरपालिका जोड्ने दुई साना झोलुङ्गे पुल मात्रै थिए । उक्त पुल तर्न तल खोचमै झर्नुपर्ने थियो तर, पछिल्लो समय निर्माण भइरहेका लामा र अग्ला झोलुङ्गे पुलले बागलुङ र पर्वत जिल्लालाई नयाँ ढङ्गले परिचितसमेत गराएको बागलुङ बलेवाका भरत बागलुङेले बताउनुभयो । “भौतिकरुपमा नजिकै भएको जिल्ला भए पनि कालीगण्डकीको खोचका कारण घण्टौं लाग्ने यात्रा झोलुङ्गे पुल, यान्त्रिक पुल तथा बञ्जी पुलले छोटो बनाएको छ”, उहाँले भन्नुभयो, “पुलले दूरी मात्रै छोटो बनाएको छैन, बागलुङ र पर्वत जिल्लाको विविध आयामसहितको सम्बन्ध विस्तारसमेत भइरहेको छ, एक/दुई घण्टाको यात्रा छोट्याएर १० मिनेटमा ल्याएको छ ।”दुई जिल्लाको बीचमा कालिगण्डकी माथि बनेका नयाँ पुराना झोलुङ्गे पुलले यात्रा मात्रै छोट्याएको छैन । आर्थिक गतिविधि, पर्यटकीय क्षेत्र स्थापना तथा दुई जिल्लाबीचको जनजीवन सहज पुर्याउने बागलुङ नगरपालिकाका नगर प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । “पुल, सडकजस्ता विकासका पूर्वाधार जति धेरै भए त्यति राम्रो हो, खोला तर्नकै लागि घण्टौं हिँड्नुपर्ने, कतिले ज्यानै गुमाउनुपर्ने अवस्था थियो”, उहाँले भन्नुभयो, “विश्वकै लामो पुलदेखि विश्वकै दोस्रो बन्जी पुलजस्ता पूर्वाधारले झनै बागलुङ र पर्वत जिल्लाको सम्बन्धलाई नजिक र प्रगाढ बनाएको छ ।” बागलुङ झोलुङ्गे पुलको जिल्लाको रुपमा समेत परिचित छ । अब यसलाई विश्वको लामो झोलुङ्गे पुल भएको जिल्लाका रुपमा समेत चिनाउनका लागि विश्व रेकर्डको तयारीमा रहेको नगर प्रमुख पौडेलले बताउनुभयो ।

पुलका कारण बागलुङको दक्षिण भेगका जनता अध्ययन, रोजगारी तथा खरिद बिक्रीका लागि पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजार जाने गरेका छन् । त्यस्तै कुस्मा नगरपालिका-१ र जलजला गाउँपालिकाका स्थानीय व्यवसाय, रोजगारी तथा अध्ययनका लागि अहिले दैनिकरुपमा बागलुङ बजार आउने गरेका छन् । दूरी मात्रै छोट्टाएको छैन, यसले कृषिउपजको सहज बजारीकरण, ढुवानी खर्चको बचत तथा अध्ययन र रोजगारीका लागि डेरा लिनुपर्ने अवस्थाको अन्त्य भएको पर्वत उद्योग वाणिज्य सङ्घका अध्यक्ष केदारनाथ शर्माले जानकारी दिनुभयो।

दक्षिण बागलुङका १६ गाविसले प्रशासनिक बाहेकका सबै गतिविधि पर्वतबाट लिने गरेको उहाँको भनाइ छ। “पहिलाको तुलनामा धेरै सहज भएको छ, अझै पुल थपिने क्रम जारी छ, दुई वटा जैमिनी र बलेवादेखि र दुई ठूला मोटरेबल पुलसमेत निर्माण हुने कुरा छ”, उहाँले भन्नुभयो “मुख्य कुरा दुई जिल्लाको आर्थिक गतिविधि चलायमान हुने र कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणमा निकै ठूलो सहयोग पुगेको छ।”

बागलुङ जिल्लामा हालसम्म साना ठूला गरेर ५०० भन्दा बढी झोलुङ्गे पुल छन् । झोलुङ्गे पुलको जिल्ला भनेर चिनिएको बागलुङ अब पर्वतसँग जोडेर लामा र अग्ला पुल भएको जिल्लाका रुपमा चिनिन थालेको छ।

# कोरियामा काम गर्ने नेपालीलाई कम्पनी परिवर्तन गर्न सहज हुँदै

रासस
काठमाडौं, २४ फागुन

दक्षिण कोरियामा रोजगारदाताले आवासको राम्रो प्रबन्ध गर्न नसके प्रवासी श्रमिकले कार्यस्थल परिवर्तन गरी आफ्नो इच्छाअनुसारको कम्पनीमा जान पाउने भएका छन् ।

रोजगारदाताले फिनिल ग्रीनहाउस (प्लाष्टिकले बारेका घर)मा बनाइएको अस्थायी बासस्थान जस्ता निम्नस्तरको आवासमा राखेमा प्रवासी कामदारले आफूखुशी आफ्नो काम गर्ने ठाउँ परिवर्तन गर्न पाउने नियम यहाँको श्रम तथा रोजगार मन्त्रालयले लागू गरेको छ । गत डिसेम्बरमा ग्रिनहाउस आवासमा राखिएकी एक कम्बोडियन श्रमिकको चिसोका कारण मृत्यु भएपछि श्रमिक सङ्गठनले आवासको राम्रो व्यवस्थासहित इपिएस प्रणालीमा सुधार गर्नुपर्ने भन्दै सरकारलाई दबाब दिँदै आएका थिए । मन्त्रालयले सम्बन्धित सरकारी निकायसँगको सहकार्यमा रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत कोरियामा काम गरिरहेका विदेशी नागरिकको जीवनस्तरमा सुधार गर्न अन्य तयारीसमेत गरेको बताएको छ । यसका साथै अत्यन्तै न्यूनस्तरको आवास प्रदान गर्ने कम्पनीमा काम गर्ने प्रवासी कामदारले आफ्नो कार्यस्थल बदल्न अनुमति दिनुका साथै त्यस्ता कम्पनी मालिकलाई विदेशी कामदार राख्न प्रतिबन्ध लगाइने नियम ल्याइएको छ।

हाल प्रवासी कामदारलाई उनीहरूको पहिलो कार्यविधिमा तीन पटक र दोस्रो सम्झौतामा दुई पटक गरी पाँचवर्षे कार्यकालमा पाँच पटकसम्म कार्यस्थल परिवर्तन गर्न पाउने अधिकार दिइएको छ।

यसका लागि कम्पनी परिवर्तन गर्न रोजगारदाताको अनुमति अनिवार्य छ । कम्पनी परिवर्तन गर्ने इपिसएस कामदारले पाँचवर्षे कार्यकाल सकेपछि पुनःकोरियामा रोजगारी गर्न चाहेमा भाषा परीक्षा पुनःदिनुपर्नेलगायतका प्रावधान पनि राखिएको छ। रोजगारदाताद्वारा कुटपिट गर्ने, यौन दुर्व्यवहार गर्ने, अमानवीय व्यवहार गर्ने, तलब दिन ढिलाइ गर्नेलगायतका गल्ती प्रमाणित भएमा श्रमिकले आफूखुशी कार्यस्थल परिवर्तन गर्न पाउने नियम छ।

# चितुवाको आक्रमणबाट बालक घाइते

पोखरापत्र संवाददाता
तनहुँ, २४ फागुन

बन्दीपुर गाउँपालिकामा सोमबार बिहान चितुवाको आक्रमणबाट एक बालक घाइते भएका छन् ।

बन्दीपुर गाउँपालिका-१ कौशलीछापमा चितुवाको आक्रमणबाट चार वर्षीय बालक अपल चेपाङ घाइते भएका हुन् । घर नजिकैको बारीबाट फर्किने क्रममा बालकलाई चितुवाले आक्रमण गरेको थियो । बालकको लक्ष्मी अस्पताल डुम्रेमा उपचार गरिएको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले तनहुँका विभिन्न ठाउँमा चितुवा रहेकाले सतर्कता अपनाउनुपर्ने बताउनुभयो।

# वारीबेनीमा सडक कालोपत्र: स्थानीयवासी खुशी

पोखरापत्र संवाददाता
म्याग्दी, २४ फागुन

म्याग्दी जिल्लाको प्रवेशद्वारमा पर्ने जलजला गाउँपालिका-३ वारीबेनीको सडक कालोपत्र भएको छ।

सडक डिभिजन कार्यालय, बागलुङले मालढुङ्गा-बेनी सडकअन्तर्गत वारीबेनी खण्डको सडक मर्मत कार्य अन्तिम चरणमा पुर्‍याएको छ । यसअघि गरिएको कालोपत्र उप्किएपछि नयाँ कालोपत्र गरिएको हो । कालोपत्र भएको सडकको कुनातर्फ पक्की नाला पनि निर्माण भएको छ । म्याग्दीको कालीपुल जोड्ने मोटरेबल पुलदेखि वारीबेनीको डाडासम्म करिब ७५० मिटर सडक कालोपत्र गर्ने काम अन्तिम चरणमा पुगेको निर्माण व्यवसायी निराजन खतिवडाले बताउनुभयो । उहाँका अनुसार साढे पाँच मिटरदेखि नौ मिटरसम्म फराकिलो ठाउँमा सडक कालोपत्र गरिएको छ । प्रिमिक्स प्रविधिको कालोपत्र गर्न त्रिशक्ति-तिलक निर्माण सेवाले रु एक करोडमा विसं २०७५ मा ठेक्का लिएको थियो। यो आयोजनाको ठेकेदार कम्पनीको आधिकारिक प्रतिनिधि अमृतकुमार श्रेष्ठ हुनुहुन्छ । आगामी २०७८ जेठ मसान्तसम्म ठेक्का सम्झौताको म्याद छ । अबको सात दिनभित्र कालोपत्र सकेर सडक हस्तान्तरण गर्ने त्रिशक्ति निर्माण कम्पनीका सञ्चालक खतिवडाले बताउनुभयो । यही आयोजनाअन्तर्गत वारीबेनीको डाँडादेखि आँखोलासम्म सडक विस्तार गरिएको छ।

कुन क्षेत्रमा पिच गर्ने भन्ने अन्यौलता भएपछि एक वर्षदेखि काम रोकिएको थियो। वारीबेनीदेखि आँखोला खण्ड कालीगण्डकी कोरिडोर र वारीबेनी बजारभित्र सडक डिभिजनले कालोपत्र गर्ने निर्णय भएपछि काम अघि बढेको हो । करिब दश वर्षअघि मालढुङ्गा-बेनी सडक आयोजनामार्फत गरिएको पिच उप्किएर सडक धुलाम्मे र हिलाम्मे हुने गरेको थियो। सडकको पूरै भाग कालोपत्र भएपछि धुलो र हिलोबाट मुक्ति मिलेको वारीबेनीका रामबहादुर खत्रीले बताउनुभयो।

# वर्षा र हिमपातको सम्भावना

रासस
काठमाडौं, २४ फागुन

पश्चिमी वायुको प्रभावले आज देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा वर्षा र हिमपात हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागका साथै वाग्मती र प्रदेश नं १ का केही स्थानमा मेघगर्जन हित हल्का वर्षा हुनेछ। साथै उच्च पहाडी तथा हिमाली भूभागहरुमा हल्का हिमपातको सम्भावना छ।

विभागका मौसमविद् शान्ति कँडेलले पश्चिमी वायुको प्रभावले बेलुकासम्म कायम रहने जानकारी दिनुभयो । उहाँका अनुसार मंङ्गलबारदेखि मौसम सफा हुनेछ । हाल देशका पश्चिमी पहाडी भूभागमा पूर्ण बदली रही अन्य पहाडी भेगमा सामान्य बदली छ।

अपराह्न देशका पहाडी भूभागमा सामान्य बदली रही बाँकी भूभागहरुमा आंशिक बदली रहने जनाइएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार सोमबारकाठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम ९ दशमलव पाँच डिग्री र अधिकतम तापक्रम २२ दशमलव शून्य डिग्री सेल्सियस छ। त्यस्तै आज सबै भन्दा कम जुम्लाको न्यूनतम तापक्रम शून्य दशमलव सात डिग्री सेल्सियस छ।

# जनता आवास : २८६ घर निर्माण हुँदै

पोखरापत्र संवाददाता
तनहुँ, २४ फागुन

जनता आवास कार्यक्रमअन्तर्गत तनहुँका १०स्थानीय तहमा गरी २८६ घर निर्माणाधीन अवस्थामा रहेका छन्।

पूर्वाधार विकास कार्यालयका अनुसार चार नगरपालिका शुक्लागण्डकीमा ६३, व्यासमा ४४ भिमादमा ३५, भानुमा ३५ रहेका छन् । त्यसैगरी छवटा गाउँपालिका घिरिङमा २५, म्याग्देमा २२, देवघाटमा २१, ऋषिङमा १५, बन्दीपुरमा १३ र आँबुखैरेनीमा १३ घर निर्माण भइरहेका छन् । निर्माणका क्रममा रहेका घरको ५० प्रतिशत काम पूरा भइसकेको कार्यालयका इञ्जिनीयर विजय अधिकारीले जानकारी दिनुभयो। जनता आवास कार्यक्रमको सदस्य सचिवसमेत रहनुभएका उहाँले रकम भुक्तानीका लागि सङ्घीय सरकारले पर्याप्त बजेट नपाएकाले घर निर्माण कार्य प्रभावित भएको बताउनुभयो। रु एक करोड ३९ लाख मात्रै बजेट निकासी भएको छ। उहाँले भन्नुभयो, “करीब रु दुई करोड थप रकम भुक्तानीका लागि आवश्यकपर्ने देखिएको छ ।” जग खनेपछि रु ८३ हजार १२५, डिपिसी गरेपछि दोस्रो किस्ता रु ९९ हजार ७५०, गारो मेटाएपछि तेस्रो किस्ता रु एक लाख १६ हजार ३७५ र निर्माण पूरा भएपछि अन्तिम किस्ता रु ३३ हजार २०० प्राप्त गर्ने प्रावधान रहेको छ।

कार्यक्रमअन्तर्गत घर निर्माण भएका अल्पसङ्ख्यक, सिमान्तकृत, पिछडिएका, दलित समुदायले रु तीन लाख ३२ हजार ५०० प्राप्त गर्ने प्रावधान रहेको छ । जनता आवास कार्यक्रमले घर निर्माणका लागि सहयोग गरेपछि खुशी लागेको व्यास नगरपालिका-१ भादगाउँका खुमबहादुर दरैले बताउनुभयो । खरको छानामुनि बाँसले बारेको घरमा बस्नुपरेको थियो । उहाँले भन्नुभयो, “घर बनेपछि हावाहुरी र पानी वर्षा हुँदा कठिनाइ भोग्दै आएको समस्याको अन्त्य हुने विश्वास गरेको छु।”

# जब श्रीमतीले श्रीमान् बोकेर दौडिए...

पोखरापत्र संवाददाता
तनहुँ, २४ फागुन

एक सय एघारौं अन्तर्राष्ट्रिय नारी दिवस देवघाट गाउँपालिकाले भने भिन्न खाले कार्यक्रम गरेर मनाएको छ । यहाँ श्रीमतीले श्रीमान् बोकेर दौडिने प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा विष्णु अधिकारी र पदम अधिकारीको जोडी पहिलो, गङ्गा गुरुङ र नवीन गुरुङको जोडी दोस्रो तथा सीता लामिछाने क्षेत्री र बमबहादुर थापा क्षेत्रीको जोडी तृतीय भएको छ । प्रतियोगितामा १४ जोडी सहभागी थिए।

शारीरिक र मानसिक रूपमा महिला पनि पुरुषसरह हुन्छन् भन्ने सन्देश दिनका लागि यस्तो खालको प्रतियोगिताको आयोजना गरिएको गाउँपालिका अध्यक्ष दुर्गबहादुर थापाले जानकारी दिनुभयो । थापाका अनुसार प्रतियोगिताका विजेतालाई शिल्ड र प्रमाणपत्र प्रदान गरिएको छ।

**कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा**
रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तु: बिक्रीमा छ ।
सम्पर्क:
९८४७६६१७३५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

**बिक्रीमा**
१२ हजार लिटर क्षमताको, बलियो र राम्रो अवस्थामा रहेको ट्याङ्कर टङ्की बिक्रीमा ।
सम्पर्क: ०६१-५२५०१३, ९८५६०२०५०९

